Co-funded by the European Union

SUOMI FINLAND

LOCAL ADAPTATION TO CLIMATE CHANGE
LACC PROJECT

चुरे गाउँपालिका, कैलाली

जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना

# वार्षिक प्रगति प्रतिवेदन

## आर्थिक वर्ष २०८२/०८३

२०८३ श्रावण








चुरे गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
घरखेडा, कैलाली

Cowater

CamScanner

आम भेलामा योजनाबारे छलफल गर्दै





११६औं अन्तर्राष्ट्रिय महिला दिवसको कार्यक्रमको एक झलक

# विषय सूची

विषय सूची ........ 0
तालिका ........ 1
क आर्थिक प्रगतिको सारांश ........ 1
ख भौतिक प्रगतिको साराश ........ 2
नतिजा १जलवायु उत्थानशील जीविकोपार्जन तथा भू पारिस्थितिक प्रणालीको समावेशी व्यवस्थापन र संरक्षण : ........ 2
नतिजा २समावेशी र दिगो जलस्रोत व्यवस्थापन अभ्यासको सबलीकरण : ........ 2
नतिजा ३प्रदेश र स्थानीय स्तरमा दिगो :, समावेशी र एकीकृत प्राकृतिक स्रोत व्यवस्थापनका लागि अनुकूल हुने अवस्था र शासन प्रणाली ........ 3
आर्थिक वर्ष २०८२।०८३को बार्षिक प्रगति प्रतिवेदन ........ 4
१ पृष्ठभूमि ........ 4
२ लक्ष्य बमोजिम उपलब्धी ........ 4
२.१लक्ष्य र प्रगतिको सारांश ........ 4
२भौतिक प्रगति २. ........ 5
२क्षमता विकास ३. ........ 7
३ अनुगमन तथा प्रतिवेदन ........ 11
५. परियोजनासँग सम्वन्धित स्थानीय तहका ऐनतथा योजना सम्वन्धी ,रणनीति ,नियमावली ,नियम , क्रियाकलापहरु ........ 13
६. परियोजनाका अन्तरसम्वन्धित उद्देश्यसँग सम्वन्धित मुख्य मुख्य क्रियाकलापहरु ........ 13
६न्यून कार्बन उत्सर्जन विकास प्रवर्द्धन ३. ........ 15
६ जैविक ४.विविधता र वातावरणको संरक्षण ........ 15
७ सहकार्य ........ 16
८ आगामी आर्थिक वर्षका लागि परियोजना तर्फका प्रमुख प्राथमिकताहरु र समपुरक बजेटको व्यवस्था ........ 16
८ सिकाई ,चुनौती तथा समस्याहरु ........ 17
अनुसूची १मा संचालित आयोजनाहरुको विवरण.व.यस आ : ........ 19
अनुसूची २मा संचालित तालिमहरुको विवरण.व.यस आ :१. ........ 23
अनुसूची २को पेश्की बाँकीको अवस्था ०८३।२०८२आर्थिक वर्ष :२. ........ 24

CamScanner

अनुसूची ५परियोजना कार्यान्वयन एकाइ जनशक्तिको विवरण :........ 25
अनुसूची ६प्राविधिक तालिम प्राप्त जनशक्तिको विवरण :........ 25
अनुसूची ७निर्माण आयोजनाबाट प्रत्यक्ष स्थानीय रोजगारीको विवरण :........ 26

तालिका

तालिका 1 : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी........5
तालिका 2 : यस आर्थिक वर्षमा सम्पन्न भएका योजनाहरु........6
तालिका 3 : लक्ष्य बमोजिम भौतिक उपलब्धि हासिल हुन नसक्नुको कारण........7
तालिका 4 : दिगो कृषि, भूमि र वन व्यवस्थापन अभ्यासहरू गर्न तालिम सहभागीको विवरण सारांश........7
तालिका 7 : उपभोक्ता समिति सम्बन्धी विवरण........8
तालिका 8 : जलवायु उत्थानशील, दिगो जलस्रोत र समावेशी व्यवस्थापन सम्बन्धि तालिम सहभागी विवरण सारांश........ 10
तालिका 9 : स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता बिकास सम्बन्धि विवरण सारांश........ 10
तालिका 10 : परियोजना अन्तर्गत सन्चालित आयोजनाहरुको अनुगमन विवरण........ 11
तालिका 1५: परियोजनासँग सम्बन्धित क्रियाकलापहरुमा सरोकारवाला निकायहरुसंग सहकार्य........ 16
तालिका 1६ : समस्या तथा समाधानका लागि गरिएका प्रयास तथा उपायहरु........ 17

CamScanner

चुरे गाउँपालिका, कैलाली.
जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना

क. आर्थिक प्रगतिको सारांश

| | | | | | |
|---|---|---|---|---|---|
| प्रतिवेदनको समयावधि: | १ श्रावन२०८२देखि ३१ आषाढ २०८३ | | | | |
| आर्थिक प्रगति सारांश | | | | | |
| परियोजनाको लागि यस आ.व. को कुल वजेट तथा खर्चको अवस्था(रु. हजारमा)(दातृ निकाय, नेपाल सरकार तथा स्थानीय तह समेत) | शीर्षक | वार्षिक वजेट | निकासा | खर्च | खर्च प्रतिशत |
| | पुँजीगत: | २,७१,१८,०००.० | २,५४,८८,११९.० | २,४१,०७,९२९.० | ८९ |
| | कार्यक्रम/चालु: | ६२,१५,०००.० | ४४,२४,०७५.२ | ३५,२७,८०८.० | ५७ |
| | जम्मा: | ३,३३,३३,०००.० | २,९९,१२,१९४.२ | २,७६,३५,७३७.० | ८३ |
| स्रोतगत रुपमा आर्थिक वर्षको वजेट तथा खर्चको अवस्था(रु. हजारमा) | लगानीको स्रोत | वार्षिक वजेट | निकासा | खर्च | खर्च प्रतिशत |
| | स्थानीय तह | ७८,३३,०००.० | ५९,७४,१९४.२ | ५९,७४,१९४.२ | ७६ |
| | नेपाल सरकार | ३५,७०,०००.० | ३५,७०,०००.० | ३५,७०,०००.० | १०० |
| | फिनल्याण्ड सरकारर इयू (GoF+EU) | २,१९,३०,०००.० | २,०३,६८,०००.० | १,८०,९१,५४२.८ | ८२ |
| | जम्मा (NRDF): | ३,३३,३३,०००.० | २,९९,१२,१९४.२ | २,७६,३५,७३७.० | ८३ |
| | उपभोक्ताको नगद (Cash) | - | - | ३,५०,०००.० | |
| | उपभोक्ताको जनश्रमदान (Kind) | - | - | ८३,६१,५१५.६८ | |
| | जम्मा (उपभोक्ता): | १,००,६६,०००.० | - | ८७,११,५१५.६८ | ८७ |
| | कुल जम्मा: | ४,३३,९९,०००.० | - | ३,६३,४७,२५२.६ | ८४ |

नि.प्रमुख प्रशासकिय अधिकृत



CamScanner

ख. भौतिक प्रगतिको सारांश

**नतिजा १: जलवायु उत्थानशील जीविकोपार्जन तथा भू पारिस्थितिक प्रणालीको समावेशी व्यवस्थापन र संरक्षण**

| क्षेत्र | आ.व. २०८२।०८३को लक्ष्य | आ.व. २०८२।०८३को प्रगति | परियोजनाको हालसम्मको उपलब्धि |
|---|---|---|---|
| **आयोजनाहरु (Schemes):** | | | |
| जलवायुउत्थानशील सिंचाइ आयोजना(नहर कुलो) | ३ | १ | निर्माणाधिन |
| सुधारिएकोचुल्होआयोजना(माटोको चुल्हो, फलामको चुल्हो) | १ | ० | |
| सुधारिएकोपानी घट्ट आयोजना | २ | १ | निर्माणाधिन |
| जलवायुउत्थानशील कृषि सम्वन्धि आयोजना | १ | १ | निर्माणाधिन |
| जलवायु उत्थानशील कृषि वन सम्वन्धि आयोजना | ४ | ४ | ३ निर्माणाधिन, १ सम्पन्न |
| बायोइन्जिनियरिंग आयोजना | १ | १ | गत वर्षको क्रमागत, सम्पन्न |
| **तालिम, गोष्ठी तथा अभियानहरु:** | | | |
| चरणवद्ध पद्धतिका तयारी चरणका तालिम | ३० | २५ | |
| वन डडेलो नियन्त्रण सम्वन्धि तालिम तथा सामग्री खरिद | १ | १ | |
| दुना टपरी तयारी तालिम | १ | १ | |
| सहकारी कंपोमिस सम्वन्धि तालिम | १ | १ | |
| VMW तालिम | १ | १ | |

**नतिजा २: समावेशी र दिगो जलस्रोत व्यवस्थापन अभ्यासको सबलीकरण**

| क्षेत्र | आ.व. २०८२।०८३ को लक्ष्य | आ.व. २०८२।०८३को प्रगति | परियोजनाको हालसम्मको उपलब्धि |
|---|---|---|---|
| **आयोजनाहरु (Schemes):** | | | |
| खानेपानीनयाँ आयोजना | | | |
| ग्र्याभिटी | ८ | ७ | ३ सम्मपन्न, ४ निर्माणाधिन |
| बहुपयोगी आयोजना | | | |
| ग्र्याभिटी | ३ | ४ | १ सम्पन्न, ३ निर्माणाधिन |
| सामुदायस्तर पूर्ण सरसफाइ आयोजना | ४ | ३ | २ सम्पन्न, १ निर्माणाधिन |
| **तालिम, गोष्ठी तथा अभियानहरु:** | | | |
| परियोजना, पुर्ण सरसफाइतथा GEDSI अभिमुखीकरण | | ७ | |
| आर्थिक व्यवस्थापन (खरिद प्रक्रिया) तथा लेखापालन | | ७ | |

नि.प्रमुख प्रशासकिय अधिकृत



CamScanner

| क्षेत्र | आ.व. २०८२।०८३ को लक्ष्य | आ.व. २०८२।०८३को प्रगति | परियोजनाको हाल सम्मको उपलब्धि |
|---|---|---|---|
| जलवायु-मैत्री कृषि र कृषिवन, वातावरण तथा जैविक विविधताको संरक्षण | | ७ | |
| CR-WSP, सञ्चालन तथा मर्मत संभार, योजना बीमा,पानीको गुणस्तर तथा बहुउपयोग | | ७ | |
| सामुदायिककार्ययोजना तयारी | | ७ | |

**नतिजा ३: प्रदेश र स्थानीय स्तरमा दिगो, समावेशी र एकीकृत प्राकृतिक स्रोत व्यवस्थापनका लागि अनुकूल हुने अवस्था र शासन प्रणाली**

**क्षमता विकास सम्बन्धि क्रियाकलापहरुको बुँदागत सारांशः**

- परियोजना व्यवस्थापन समिति (PMC) का बैठकहरू नियमित रूपमा सञ्चालन गरी परियोजनाको योजना, बजेट, प्रगति समीक्षा तथा आवश्यक नीतिगत निर्णयहरू समयमै गरिएको।
- गाउँपालिकाको अनुगमन कार्यदललाई सक्रिय परिचालन गरी परियोजनाका पूर्वाधार तथा जीविकोपार्जन योजनाहरूको नियमित अनुगमन, गुणस्तर सुनिश्चितता तथा अन्तिम सिफारिसको व्यवस्था गरिएको।
- वडा नं. ६ कोनमुना जलाधार (Catchment) योजनातयार गरी जलाधारमा आधारित एकीकृत प्राकृतिक स्रोत व्यवस्थापनको आधार निर्माण गरिएको।
- तयार गरिएको जलाधार योजनाअनुसार लक्षित क्षेत्रमामोरिङ्गा बिरुवा रोपणतथा करिब२ हेक्टर सामुदायिक वन क्षेत्रमा अम्रिसो रोपणगरी माटो संरक्षण, हरियाली प्रवर्द्धन तथा समुदायमा आधारित जलाधार व्यवस्थापनको सुरुवात गरिएको।
- गाउँपालिकाका जनप्रतिनिधि, शाखा प्रमुख तथा प्राविधिक कर्मचारीहरूको सहभागितामालैङ्गिक उत्तरदायी बजेट (GRB) तथा जलवायु उत्तरदायी बजेट (CRB) सम्बन्धी क्षमता विकास कार्यशाला तथा प्रयोगात्मक अभ्यास सफलतापूर्वक सम्पन्न गरिएको।
- नेपाल सरकारको NWASH प्रणालीप्रयोग गरी खानेपानी तथा सरसफाइ योजनाहरूको तथ्याङ्क अद्यावधिक, वडा स्तरीय प्रमाणीकरण तथा स्थानीय WASH योजना परिमार्जन कार्य सम्पन्न गरिएको।
- परियोजनाकोचरणवद्धकार्यविधिअनुसार नयाँ योजनाहरूका लागि उपभोक्ता समिति गठन, अभिमुखीकरण, तयारी चरणका तालिम, सम्झौता तथा प्रथम किस्ता निकासा सम्पन्न गरिएको।
- सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधिहरूलाईवन डढेलो व्यवस्थापन तथा रोकथामसम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरी वन संरक्षण तथा विपद् जोखिम न्यूनीकरणमा स्थानीय संस्थाहरूको क्षमता अभिवृद्धि गरिएको।
- सामुदायिक वन उपभोक्ता समूहका सदस्यहरूलाईदुना-टपरी उत्पादन सम्बन्धी सीप विकास तालिमप्रदान गरी आवश्यकदुना-टपरी उत्पादन मेसिनसहयोग गरिएको, जसबाट वनमा आधारित उद्यम विकास तथा समुदायको जीविकोपार्जन प्रवर्द्धनको आधार तयार भएको छ।
- गाउँपालिका, विषयगत शाखाहरू, सामुदायिक वन उपभोक्ता समूह, सम्बन्धित सरकारी निकाय तथा परियोजनाबीचको समन्वय र सहकार्यलाई सुदृढ गर्दै दिगो, समावेशी तथा एकीकृत प्राकृतिक स्रोत व्यवस्थापनको संस्थागत आधार थप मजबुत बनाइएको।

नि.प्रमुख प्रशासकिय अधिकृत

# आर्थिक वर्ष २०८२।०८३को वार्षिक प्रगति प्रतिवेदन

## १.पृष्ठभूमि

जलवायु परिवर्तन स्थानीय अनुकूलन (Local Adaptation to Climate Change-LACC) परियोजना नेपाल सरकार, फिनल्याण्ड सरकार तथा युरोपेली संघको संयुक्त आर्थिक सहयोगमा सञ्चालित पाँच वर्षीय परियोजना हो। परियोजनाको मुख्य उद्देश्य जलवायु परिवर्तनबाट प्रभावित समुदायहरूको उत्थानशीलता अभिवृद्धि गर्नु, प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन प्रवर्द्धन गर्नु तथा स्थानीय सरकारको नेतृत्वमा समावेशी, जलवायुमैत्री र दिगो विकासलाई संस्थागत गर्नु हो। परियोजनाले जलवायु अनुकूल खानेपानी तथा सरसफाइ (WASH), प्राकृतिक स्रोत व्यवस्थापन, जलवायु उत्थानशील जीविकोपार्जन, विपद् जोखिम न्यूनीकरण, सुशासन तथा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) लाई एकीकृत रूपमा कार्यान्वयन गर्दै आएको छ।

चुरे गाउँपालिका LACC परियोजनाको दोस्रो वर्षको कार्यान्वयनमा रहेको स्थानीय तह हो। आर्थिक वर्ष २०८२/८३ मा परियोजनाले पहिलो वर्षबाट क्रमागत रहेका पूर्वाधार तथा जीविकोपार्जनसम्बन्धी योजनाहरू सफलतापूर्वक सम्पन्न गर्नुका साथै स्वीकृत वार्षिक कार्ययोजनाअनुसार नयाँ योजनाहरूको तयारी तथा कार्यान्वयन प्रक्रिया अगाडि बढाएको छ। परियोजनाकोचरणबद्ध कार्यपद्धतिअनुसार उपभोक्ता समिति गठन, क्षमता विकास तालिम, प्रारम्भिक प्राविधिक अध्ययन, सम्झौता तथा प्रथम किस्ता निकासा लगायतका तयारी चरणका अधिकांश गतिविधिहरू सम्पन्न भएका छन्।

यस अवधिमा खानेपानी तथा बहुउपयोगी पानी प्रणाली, विद्यालय WASH, जलाधार व्यवस्थापन, प्राकृतिक स्रोत संरक्षण, जीविकोपार्जन प्रवर्द्धन, संस्थागत क्षमता विकास तथा सुशासनसँग सम्बन्धित विभिन्न कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिएका छन्। साथै, NWASH प्रणालीमार्फत WASH योजना अद्यावधिक, वडा न. ६ को जलाधार (Catchment) योजना तयारी, GRB/CRB क्षमता विकास कार्यशाला, सामुदायिक वन उपभोक्ता समूहहरूको क्षमता विकास, तथा वातावरण सरक्षणसम्बन्धी कार्यक्रमहरूले स्थानीय तहमा परियोजनाको संस्थागत प्रभावलाई थप सुदृढ बनाएका छन्।

गाउँपालिकाको सक्रिय नेतृत्व, परियोजना व्यवस्थापन समिति (PMC), स्थानीय सरकार सहयोग एकाई, विषयगत शाखाहरू तथा समुदायबीचको प्रभावकारी समन्वयका कारण परियोजना कार्यान्वयनले उल्लेखनीय गति लिएको छ। गाउँपालिकाले परियोजनाका लागि आवश्यकसमपूरकबजेटसमेत उपलब्ध गराई परियोजनाप्रति उच्च स्वामित्व र प्रतिबद्धता प्रदर्शन गरेको छ।

यस प्रतिवेदनमा आर्थिक वर्ष २०८२/८३ को अवधिमा चुरे गाउँपालिकामा सञ्चालन भएका परियोजना गतिविधिहरूको भौतिक तथा गुणात्मक प्रगति, प्रमुख उपलब्धिहरू, क्षमता विकास, संस्थागत सुदृढीकरण, सिकाइ, चुनौती तथा आगामी कार्यदिशा समेटिएको छ। प्रतिवेदनले परियोजनाको दोस्रो वर्षमा हासिल भएका उपलब्धिहरूलाई अभिलेखीकरण गर्नुका साथै आगामी वर्षको प्रभावकारी कार्यान्वयनका लागि मार्गदर्शन प्रदान गर्ने उद्देश्य राखेको छ।

## २.लक्ष्य बमोजिम उपलब्धी

### २.१लक्ष्य र प्रगतिको सारांश

आर्थिक वर्ष २०८२/८३ मा चुरे गाउँपालिकामा LACC परियोजनाले दोस्रो वर्षको कार्यान्वयन अवधिमा पहिलो वर्षका क्रमागत योजनाहरू सफलतापूर्वक सम्पन्न गर्नुका साथै स्वीकृत वार्षिक कार्ययोजनाअनुसार नयाँ योजनाहरूको कार्यान्वयनलाई प्रभावकारी

नि.प्रमुख प्रशासकिय अधिकृत



CamScanner

रूपमा अघि बढाएको छ। गाउँपालिकाको सक्रिय नेतृत्व, समयमै समपूरक बजेटको व्यवस्था तथा परियोजना व्यवस्थापन समितिको नियमित मार्गदर्शनका कारण अधिकांश लक्ष्यहरू सन्तोषजनक रूपमा हासिल भएका छन्।

प्रतिवेदन अवधिमा प्राप्त प्रमुख उपलब्धिहरू निम्नानुसार रहेका छन्:

- आर्थिक वर्ष २०८१/८२ बाट क्रमागत रहेका७ वटा पूर्वाधार योजनाहरू सफलतापूर्वक सम्पन्नगरी समुदायलाई हस्तान्तरण गरिएको।
- आर्थिक वर्ष २०८२/८३ का स्वीकृत२६ योजनामध्ये २१ वटा योजनाको उपभोक्ता समिति गठन, तयारी चरणका गतिविधि, सम्झौता तथा प्रथम किस्ता निकासा सम्पन्नभई कार्यान्वयन चरणमा प्रवेश गरेका छन्।
- परियोजनाकोचरणबद्ध कार्यपद्धतिकार्यविधिअनुसार नयाँ योजनाका तयारी चरणका अधिकांश गतिविधिहरू समयमै सम्पन्न गरिएका।
- १४ दिने प्राविधिक सीप विकास तालिमसञ्चालन गरी१४ जना (११ पुरुष र ३ महिला)सहभागीहरूको प्राविधिक क्षमता अभिवृद्धि गरिएको।
- वार्षिक कार्ययोजनाकोचालुशीर्षक अन्तर्गत करिब ७० प्रतिशत गतिविधिहरू सफलतापूर्वक सम्पन्नगरिएका छन्।
- परियोजनाको कार्यान्वयनका क्रममा नियमित PMC बैठक, अनुगमन, क्षमता विकास, NWASH अद्यावधिक, GRB/CRB कार्यशाला, जलाधार योजना, वन डढेलो व्यवस्थापन तालिम तथा समुदायमा आधारित प्राकृतिक स्रोत व्यवस्थापनसम्बन्धी कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिएका।
- गाउँपालिकाले परियोजनाका लागि आवश्यकसमपूरकबजेट उपलब्ध गराईपरियोजनाप्रति उच्च स्वामित्व र प्रतिबद्धता प्रदर्शन गरेको छ।
- वित्तीय प्रगतितर्फ निकासा भएको बजेटको करिब ९२ प्रतिशत तथा स्वीकृत कुल बजेटको करिब ८३ प्रतिशत खर्चभई परियोजनाको सन्तोषजनक वित्तीय कार्यसम्पादन हासिल भएको छ।

यस अवधिमा प्राप्त उपलब्धिहरूले चुरे गाउँपालिकामा LACC परियोजनाको प्रभावकारी कार्यान्वयन, संस्थागत सुदृढीकरण तथा आगामी आर्थिक वर्षका कार्यक्रमहरूलाई थप गुणस्तरीय र परिणाममुखी रूपमा सञ्चालन गर्ने बलियो आधार तयार भएको देखिन्छ।

## २.२ भौतिक प्रगति

यस चुरे गाउँपालिकामा आर्थिक वर्ष २०८२।०८३भौतिक निर्माण तर्फ हासिल गरिएको प्रमुख उपलब्धी बुँदागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ :

तालिका १ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी

| क्र. सं. | आयोजनाको प्रकार | वार्षिक लक्ष्य | | हासिल भएको उपलब्धि | | प्रगति प्रतिशत (%) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | आयोजना संख्या | लाभान्वित जनसंख्या | आयोजना संख्या | लाभान्वित जनसख्या | आयोजना संख्या | लाभान्वित जनसंख्या | |
| १ | खानेपानी आयोजनाहरु | ८ | | ७ | | ८७ | | ३ सम्पन्न, ४ निर्माणाधिन, १ ड्रप |
| २ | बहुउपयोगी आयोजनाहरु | ३ | | ४ | | १०० | | १ सम्पन्न, ३ निर्माणाधिन |

नि.प्रमुख प्रशासकिय अधिकृत



CamScanner

| क्र. स. | आयोजनाको प्रकार | बार्षिक लक्ष्य | | हासिल भएको उपलब्धि | | प्रगति प्रतिशत (%) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | आयोजना संख्या | लाभान्वित जनसंख्या | आयोजना संख्या | लाभान्वित जनसख्या | आयोजना संख्या | लाभान्वित जनसंख्या | |
| ३ | सिंचाई आयोजनाहरु | ३ | | १ | | ३३ | | १ ड्रप. १ निर्माणाधिन, १ MUSमा रुपान्तरण |
| ४ | पूर्ण सरसफाइका आयोजनाहरु | ४ | | ३ | | ७५ | | २ सम्पन्न, १ ड्रप. १ निर्माणाधिन, |
| ५ | जलवायु मैत्री कृषि हरित घर निर्माणआयोजना | १ | | १ | | १०० | | |
| ६ | सुधारिएको चुल्हो आयोजना(माटोको चुल्हो, फलामको चुल्हो । | १ | | ० | | ० | | |
| ७ | सुधारिएको पानी घट्ट आयोजना | २ | | १ | | ५० | | १ ड्रप. १ निर्माणाधिन, |
| ८ | कृषि वन आयोजनाहरु | ४ | | ४ | | १०० | | १ सम्पन्न, ३ निर्माणाधिन, |
| ९ | बायोइन्जिनियरिङ आयोजनाहरु | १ | | १ | | १०० | | सम्पन्न |

तालिका २: यस आर्थिक वर्षमा सम्पन्न भएका योजनाहरु

| क्र.सं. | आयोजनाको प्रकार/क्षेत्र | आयोजनाको नाम | संक्षिप्त विवरण घरधुरी |
|---|---|---|---|
| १ | खानेपानी आयोजनाहरु | बलुवागडा खा.पा.यो | १२७ |
| २ | खानेपानी आयोजनाहरु | घरखेडा खा.पा.यो | १७ |
| ३ | खानेपानी आयोजनाहरु | चौरपानी खा.पा.यो | २२ |
| ४ | बहुउपयोगी आयोजनाहरु | कोट बहुउपयोगी योजना | २२ |
| ५ | पूर्ण सरसफाइका आयोजनाहरु | शुक्रमा.वि शौचालय निर्माण योजना | १९५ (जना) |
| ६ | पूर्ण सरसफाइका आयोजनाहरु | जनता मा.वि शौचालय निर्माण योजना | २१२ (जना) |

नि.प्रमुख प्रशासकिय अधिकृत



CamScanner

| | | | |
|---|---|---|---|
| ७ | बायोइन्जिनियरिङआयोजनाहरु | ठुलिखाली बायोइन्जिनियरिंग योजना | ४० |

*तपसिल बमोजिमको कारणले लक्ष्य गरिए बमोजिम आयोजनाहरु सम्पन्न हुन नसकी लक्षित उपलब्धि हासिल हुन सकेन ।*

**तालिका ३: लक्ष्य बमोजिम भौतिक उपलब्धि हासिल हुन नसक्नुको कारण**

| क.स. | लक्ष्य बमोजिमउपलब्धि हासिल हुन नसक्नुको कारण | भविष्यमा यस प्रकारको समस्या आउन नदिनको लागि चुरे गाउँपालिका परियोजना व्यवस्थापन समितिको रणनीति |
|---|---|---|
| १ | वार्षिक कार्ययोजना (AWP) स्वीकृतिमा ढिलाइ हुँदा केही गतिविधिहरू निर्धारित समयभन्दा ढिलो प्रारम्भ भए। | वार्षिक कार्ययोजना तथा बजेट स्वीकृति प्रक्रिया समयमै सम्पन्न गर्न सम्बन्धित निकायसँग पूर्वसमन्वय गर्ने तथा तयारी चरणका कार्यहरू आर्थिक वर्षको प्रारम्भदेखि नै अघि बढाउने। |
| २ | LGU कर्मचारी छनोट तथा परिचालन प्रक्रियामा समय लाग्दा केही गतिविधिहरूको कार्यान्वयन प्रभावित भयो। | छनोट भएका कर्मचारीहरु प्रभावकारीरुपमा परिचालन गर्ने। |
| ३ | केही योजनाहरूकोउपभोक्ता समिति गठन तथा सार्वजनिक खरिद प्रक्रियामा अपेक्षाभन्दा बढी समय लाग्यो। | कार्यविधिअनुसार तयारी चरणका गतिविधिहरू समयमै सम्पन्न गर्ने, उपभोक्ता समितिको क्षमता विकासलाई प्रारम्भिक चरणमै प्राथमिकता दिने तथा नियमित प्राविधिक सहजीकरण गर्ने। |
| ४ | वर्षायाम तथा दुर्गम भौगोलिक अवस्थाका कारण केही निर्माण सामग्री ढुवानी तथा निर्माण कार्यको गति प्रभावित भयो। | मौसमअनुकूल कार्यतालिका तयार गर्ने, निर्माण सामग्रीको समयमै व्यवस्थापन गर्ने तथा नियमित अनुगमनमार्फत निर्माण कार्यलाई तीव्रता दिने। |

## २.३क्षमता विकास

आर्थिक वर्ष २०८२।०८३मा यस चुरे गाउँपालिकामा क्षमता विकास तर्फ हासिल भएका प्रमुख उपलब्धिहरु निम्न बमोजिम रहेका छन् ।

**तालिका ४: दिगो कृषि, भूमि र वन व्यवस्थापन अभ्यासहरू गर्न तालिम सहभागीको विवरण सारांश**

| क्षमता अभिवृद्धि कियाकलाप | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष | जम्मा महिला | जम्मा पुरुष | अपाङ्गता |
|---|---|---|---|---|---|---|---|---|---|
| वन डडेलो सम्बन्धि तालिम | ० | ४ | ३ | १३ | ७ | ३१ | १० | ४८ | |
| जलवायु मैत्री कृषि र कृषि वन वातावरण तथा जैविक बिविधताको संरक्षण | २ | २ | ८ | ५ | ५ | १२ | १५ | १९ | |
| दुना टपरी तालिम | १ | १ | १ | ० | १८ | २ | १९ | ४ | |
| सहकारीलाई COPOMISतालिम | ० | ० | १ | १ | ५ | १४ | ६ | १५ | |
| | ३ | ७ | १३ | १९ | ३५ | ५९ | ५० | ८६ | |

नि.प्रमुख प्रशासकिय अधिकृत



CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| प्रतिशत | ७ | २३ | ६९ | | |

तालिमको विस्तृत विवरण अनुसूची २ मा दिइएको छ ।

तालिका ५: उपभोक्ता समिति सम्बन्धी विवरण

| क.सं. | समितिको नाम | मुख्य पदहरुमा प्रतिनिधित्व | | | | | समितिमा कुल सदस्यहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ब्रा क्षे ठ स | दलित | जनजाती | अन्य | अपाङ्गता | | |
| | नतिजा १: जलवायु उत्थानशील जीविकोपार्जन तथा भू पारिस्थितिक प्रणालीको समावेशी व्यवस्थापन र संरक्षण | | | | | | | |
| १ | गुनी खोला सुधारियको पानी घट्ट | 4 | 0 | 0 | 0 | 0 | 7 | |
| २ | चिउरीवन सामुदायिक वृक्षारोपण योजना (कोटवहुउपयोगी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था) | 0 | 1 | 3 | 0 | 0 | 7 | |
| ३ | आयआर्जनका लागि बेमौसमी तरकारी खेती तथा हरितघर घरनिर्माण योजना (एकल जनजाती कृषक समूह) | 0 | 1 | 3 | 0 | 0 | 7 | |
| ४ | कोट क्याचमेन्ट कृषिवन सहयोग योजना संचालन (सिद्धशालबाटा सामुदायिक वन ) | 2 | | 2 | | | 9 | |
| ५ | टुलिखाली सामुदायिक वन नर्सरी स्थापना | 3 | 0 | 1 | | | 7 | |

नि.प्रमुख प्रशासकिय अधिकृत

| क्र.सं. | समितिको नाम | मुख्य पदहरुमा प्रतिनिधित्व | | | | | समितिमा कुल सदस्यहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ब्रा क्षे ठ स | दलित | जनजाती | अन्य | अपाङ्गता | | |
| | योजना (ठुलिखाली सामुदायिक वन) | | | | | | | |
| ६ | सिद्ध हरियाली सामुदायिक वन (दुना टपरी) | 3 | | 1 | | | 9 | |
| | | | | | | | | |
| नतिजा २: समावेशी र दिगो जलस्रोत व्यवस्थापन अभ्यासको सबलीकरण | | | | | | | | |
| १ | बलुवागडा खा.पा.यो | 1 | 0 | 2 | 0 | 1 | 11 | |
| २ | कोट बहुउपयोगी योजना | 0 | 1 | 3 | 0 | 0 | 7 | |
| ३ | चौरपानी खा.पा.यो | 1 | 2 | 1 | 0 | 0 | 7 | |
| ४ | ठुलिखाली बायोइन्जिनियरिंग योजना | 3 | 0 | 1 | 0 | 0 | 9 | |
| ५ | घरखेडा खा.पा.यो | 3 | 0 | 1 | 0 | 0 | 9 | |
| ६ | शुक्र मा.वि शौचालय निर्माण योजना | 3 | 0 | 1 | 0 | 0 | 9 | |
| ७ | जनता मा.वि शौचालय निर्माण योजना | 2 | 1 | 1 | 0 | 0 | 7 | |
| ८ | भुकभुके बहुउपयोगी योजना | 3 | 1 | 0 | 0 | 0 | 9 | |
| ९ | छिलछिले सिस्ने भित्तेमुल खानेपानी तथा सरसफाइयोजना | 2 | 0 | 2 | 0 | 0 | 7 | |
| १० | जलुकेनी खानेपानी तथा सरसफाइ योजना | | 0 | 4 | 0 | 0 | 7 | |

नि.प्रमुख प्रशासकिय अधिकृत

| क्र.सं. | समितिको नाम | मुख्य पदहरुमा प्रतिनिधित्व | | | | | समितिमा कुल सदस्यहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | वा क्षे ट स | दलित | जनजाती | अन्य | अपाङ्गता | | |
| ११ | मधुरे बहुउपयोगी खानेपानी तथा सरसफाइ योजना | 3 | 1 | 0 | 0 | 0 | 7 | |
| १२ | दानढुंङ्गा बहुउपयोगी खानेपानी तथा सरसफाइ योजना | 4 | 0 | 0 | 0 | 0 | 7 | |
| १३ | मोहन्याल मा.वि शौचालय निर्माण योजना | 3 | 0 | 1 | 0 | 0 | 7 | |
| १४ | मेलवास बबैना खानेपानी तथा सरसफाइ योजना | 1 | 1 | 2 | 0 | 0 | 7 | |
| १५ | रानीभुकुडा खानेपानी तथा सरसफाइ योजना | 0 | 0 | 4 | 0 | 0 | 7 | |

तालिका ६: जलवायु उत्थानशील, दिगो जलस्रोतर समावेशी व्यवस्थापन सम्बन्धितालिम सहभागी विवरण सारांश

| क्षमता अभिवृद्धि क्रियाकलाप | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष | जम्मा महिला | जम्मा पुरुष | अपाङ्गता |
|---|---|---|---|---|---|---|---|---|---|
| तयारी चरणका तालिम | ११ | ६ | ३७ | २५ | ५१ | १०४ | ९९ | १३५ | ० |
| VMWतालिम | ० | १ | १ | ३ | २ | ७ | ३ | ११ | |
| | ११ | ७ | ३८ | २८ | ५३ | १११ | १०२ | १४६ | |
| प्रतिशत | | | | | | | | | |

तालिका ७: स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता बिकास सम्बन्धि विवरण सारांश

| क्षमता अभिवृद्धि क्रियाकलाप | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष | जम्मा महिला | जम्मा पुरुष | अपाङ्गता |
|---|---|---|---|---|---|---|---|---|---|
| परियोजना अभिमुखीकरण | ० | ० | ० | ० | ० | ४ | ० | ४ | ० |
| | ० | ० | ० | ० | ० | ४ | ० | ४ | ० |

नि.प्रमुख प्रशासकिय अधिकृत



CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| प्रतिशत | ० | ० | १०० | १०० | |

## ३.अनुगमन तथा प्रतिवेदन

तालिका ८: परियोजना अन्तर्गत सन्चालित आयोजनाहरुको अनुगमन विवरण

| क्र.सं. | आयोजनाको नाम | चरणवद्ध कार्यपद्धति वमोजिम गरिएको स्थलगत अनुगमन संख्या | स्थलगत अनुगमन गरिएको संख्या | चुरे गाउँपालिका कार्यपालिका कार्यालयबाट अनुगमनमा सहभागी सख्या |
|---|---|---|---|---|
| १. | बलुवागडा खा.पा.यो | 3 | 3 | 4 |
| २. | कोट वहुउपयोगी योजना | 3 | 3 | 3 |
| ३. | चौरपानी खा.पा.यो | 3 | 3 | 4 |
| ४. | ठुलिखाली वायोइन्जिनियरिंग योजना | 3 | 2 | 4 |
| ५. | घरखेडा खा.पा.यो | 3 | 3 | 4 |
| ६. | शुक्र मा.वि शौचालय निर्माण योजना | 2 | 2 | 3 |
| ७. | जनता मा.वि शौचालय निर्माण योजना | 2 | 2 | 3 |
| ८. | भुकभुके वहुउपयोगी योजना | 1 | 1 | 3 |
| ९. | छिलछिले सिस्ने भित्तेमुल खानेपानी तथा सरसफाइयोजना | 1 | 1 | 3 |
| १०. | जलुकेनी खानेपानी तथा सरसफाइ योजना | 1 | 1 | 4 |
| ११ | मथुरे वहुउपयोगी खानेपानी तथा सरसफाइ योजना | 1 | 1 | 3 |
| १२ | दानढुंङ्गा वहुउपयोगी खानेपानी तथा सरसफाइ योजना | 1 | 1 | 3 |
| १३ | मोहन्याल मा.वि शौचालय निर्माण योजना | 1 | 1 | 2 |
| १४ | मेलवास बबैना खानेपानी तथा सरसफाइ योजना | 1 | 1 | 1 |
| १५ | रानीभुकुडा खानेपानी तथा सरसफाइ योजना | 1 | 1 | 2 |
| १६ | गुनी खोला सुधारियको पानी घट्ट | 1 | 1 | 2 |
| १७ | चिउरीवन सामुदायिक वृक्षारोपण योजना (कोटवहुउपयोगी खानेपानी | 1 | 1 | 2 |

नि.प्रमुख प्रशासकिय अधिकृत

| क.स. | आयोजनाको नाम | चरणवद्ध कार्यपद्धति बमोजिम गरिएको स्थलगत अनुगमन सख्या | स्थलगत अनुगमन गरिएको संख्या | चुरे गाउँपालिका कार्यपालिका कार्यालयबाट अनुगमनमा सहभागी संख्या |
|---|---|---|---|---|
| | तथा सरसफाइ उपभोक्ता सस्था। | | | |
| १८ | आयआर्जनका लागि बेमौसमी तरकारी खेती तथा हरितघर धरनिर्माण योजना (एकल जनजाती कृषक समूह। | 1 | 1 | 2 |
| १९ | कोट क्याचमेन्ट कृषिवन सहयोग योजना सचालन (सिद्धशालबाटा सामुदायिक वन ) | 1 | 1 | 2 |
| २० | टुलिखाली सामुदायिक वन नर्सरी स्थापना योजना (टुलिखाली सामुदायिक वन) | 1 | 1 | 2 |
| २१ | सिद्ध हरियाली सामुदायिक वन (दुना टपरी) | 1 | 1 | 2 |
| | जम्मा | | | |

तालिका ११ : चुरे गाउँ पालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु

| क.स. | प्रतिवेदन | आ.व. पेश गर्नुपर्ने सख्या | समयमा पेश गरिएको प्रतिवेदन सख्या | समयमा पेश हुन नसकेको प्रतिवेदन सख्या |
|---|---|---|---|---|
| १ | मासिक आर्थिक प्रतिवेदन (फाँटवारी) | १२ (५) | ५ | मंगसिरमा वार्षिक कार्यक्रम स्वीकृत भई, फाल्गुणमा रकम निकासा भएको |
| २ | त्रैमासिक प्रगति प्रतिवेदन | ३ | २ | |
| ३ | वार्षिक प्रतिवेदन | १ | १ | |
| ४ | NRDF अनुगमनप्रतिवेदन | १ | १ | |
| ५ | अन्य प्रतिवेदन | | | |
| | जम्मा | १० | ९ | |

नि.प्रमुख प्रशासकिय अधिकृत



CamScanner

## ५.परियोजनासँग सम्बन्धित स्थानीय तहकाऐन, नियम, नियमावली, रणनीति, तथा योजनासम्बन्धी क्रियाकलापहरु

चुरे गाउँपालिकाले यसअघि स्वीकृत गरेका स्थानीय नीति, कार्यविधि तथा योजनाहरूको आधारमा LACC परियोजनाका गतिविधिहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै आएको छ। परियोजना कार्यान्वयनका क्रममा गाउँपालिकाको विद्यमान योजना, बजेट तथा संस्थागत व्यवस्थासँग समन्वय कायम गरी परियोजनाका उद्देश्यहरूलाई स्थानीय विकास प्रक्रियासँग एकीकृत गरिएको छ।

आर्थिक वर्ष २०८२/८३ मा परियोजनाको प्राविधिक तथा वित्तीय सहयोगमानेपाल सरकारको NWASH प्रणालीप्रयोग गरी गाउँपालिकाको खानेपानी तथा सरसफाइसम्बन्धी तथ्याङ्क अद्यावधिक, प्रमाणीकरण तथा प्राथमिकीकरण गरीWASH योजना अद्यावधिकगरिएको छ। अद्यावधिक गरिएको WASH योजनाले सुरक्षित खानेपानी तथा सरसफाइ सेवाको विस्तार, स्रोतको प्राथमिकीकरण तथा भावी लगानीको योजना निर्माणमा गाउँपालिकालाई महत्वपूर्ण मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ।

त्यसैगरी, परियोजनालेजलाधार (Catchment) व्यवस्थापन अवधारणालाई स्थानीय योजना प्रक्रियासँग जोड्दै वडा नं. ६ को नमुना जलाधार योजना तयार गरेको छ। यसले आगामी वर्षहरूमा प्राकृतिक स्रोत व्यवस्थापन, जलाधार संरक्षण तथा जलवायु उत्थानशील विकाससम्बन्धी कार्यक्रमहरूलाई एकीकृत रूपमा सञ्चालन गर्न नीतिगत तथा योजनागत आधार तयार गरेको छ।

परियोजनाले स्थानीय सरकारका विद्यमान नीति, कार्यविधि तथा योजना कार्यान्वयनलाई सुदृढ गर्दै जलवायु परिवर्तन अनुकूलन, प्राकृतिक स्रोत व्यवस्थापन, सुशासन तथा समावेशी विकासका विषयहरूलाई स्थानीय विकास प्रणालीमा थप सस्थागत गर्ने दिशामा महत्वपूर्ण योगदान पुऱ्याएको छ।

## ६.परियोजनाका अन्तरसम्वन्धित उद्देश्यसँग सम्वन्धित मुख्य मुख्य क्रियाकलापहरु

### ६.१लैङ्गिक समानता तथा भेदभाव रहित रअपाङ्गता समावेशीकरण

LACC परियोजनाले लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) लाई परियोजनाका सबै गतिविधिहरूमा मूलप्रवाहीकरण गर्दै आएको छ। आर्थिक वर्ष २०८२/८३ मा चुरे गाउँपालिकामा सञ्चालन भएका योजना तथा कार्यक्रमहरूमा महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न विशेष प्राथमिकता दिइएको थियो।

परियोजनाकोचरणबद्धकार्यविधिअनुसार उपभोक्ता समिति गठन गर्दा समावेशी प्रतिनिधित्व सुनिश्चित गरिएको तथा योजना छनोट, क्षमता विकास, सार्वजनिक सुनुवाइ, अनुगमन तथा निर्णय प्रक्रियामा महिला तथा सीमान्तकृत समुदायको सक्रिय सहभागिता कायम गरिएको छ।

नि.प्रमुख प्रशासकिय अधिकृत

प्रतिवेदन अवधिमाअन्तर्राष्ट्रिय महिला दिवसगाउँपालिकाको महिला तथा बालबालिका शाखासँगको सहकार्यमा मनाई लैङ्गिक समानता, महिला नेतृत्व, सामाजिक समावेशीकरण तथा जलवायु परिवर्तनका प्रभावका विषयमा समुदायस्तरमा जनचेतना अभिवृद्धि गरिएको। साथै, लैङ्गिक उत्तरदायी बजेट (GRB) तथा जलवायु उत्तरदायी बजेट (CRB) सम्बन्धी क्षमता विकास कार्यशाला सञ्चालन गरी जनप्रतिनिधि, शाखा प्रमुख तथा कर्मचारीहरूको GEDSI मैत्री योजना तथा बजेट निर्माणसम्बन्धी क्षमता अभिवृद्धि गरिएको।

त्यसैगरी, जीविकोपार्जन, सामुदायिक वन व्यवस्थापन, जलाधार संरक्षण तथा अन्य सामुदायिक गतिविधिहरूमा महिला तथा सीमान्तकृत समुदायको सहभागिता प्रोत्साहन गरिएको छ। परियोजनाले सबै पूर्वाधार तथा सामुदायिक कार्यक्रमहरूमा पहुँच, सहभागिता, निर्णय प्रक्रियामा प्रतिनिधित्व तथा लाभको समान वितरण सुनिश्चित गर्ने अभ्यासलाई निरन्तरता दिएको छ, जसले गाउँपालिकामा समावेशी तथा उत्तरदायी विकास प्रक्रियालाई थप सुदृढ बनाएको छ।

## ६.२ जलवायु उत्थानशिलता मुलप्रवाहिकरण

चुरे गाउँपालिकामा LACC परियोजनाले जलवायु उत्थानशीलतालाई सबै कार्यक्रम तथा क्रियाकलापहरूको अभिन्न अंगका रूपमा मूलप्रवाहीकरण गर्दै कार्यान्वयन गरेको छ। आर्थिक वर्ष २०८२/८३ मा योजना छनोट, डिजाइन, कार्यान्वयन, क्षमता विकास तथा अनुगमनका सम्पूर्ण चरणहरूमा जलवायु परिवर्तनका सम्भावित जोखिम तथा अनुकूलनका उपायहरूलाई प्राथमिकताका साथ समावेश गरिएको छ।

प्रतिवेदन अवधिमा पहिलो वर्षबाट क्रमागत रहेका खानेपानी तथा बहुउपयोगी पानी प्रणालीका योजनाहरू सम्पन्न गरिनुका साथै नयाँ योजनाहरू पनि जलवायु उत्थानशील मापदण्डअनुसार कार्यान्वयन चरणमा प्रवेश गरेका छन्। वडा नं. ६ मा नमुनाजलाधार (Catchment) योजनातयार गरी जलाधारमा आधारित योजना तर्जुमा तथा प्राकृतिक स्रोत व्यवस्थापनलाई स्थानीय विकास प्रक्रियासँग जोड्ने कार्य प्रारम्भ गरिएको छ।

जलाधार संरक्षण कार्यक्रमअन्तर्गत लक्षित क्षेत्रमामोरिङ्गा बिरुवा रोपण, करिब२ हेक्टर सामुदायिक वन क्षेत्रमा अम्रिसो रोपण, तथावन डढेलो व्यवस्थापन तालिमसञ्चालन गरी माटो तथा पानी संरक्षण, जैविक विविधता प्रवर्द्धन र विपद् जोखिम न्यूनीकरणमा समुदायको क्षमता अभिवृद्धि गरिएको छ। त्यसैगरी, जलवायुमैत्री जीविकोपार्जन कार्यक्रमहरू, बहुउपयोगी पानी प्रणाली तथा प्राकृतिक स्रोतमा आधारित आयआर्जनका गतिविधिहरूलाई प्रवर्द्धन गर्दै स्थानीय समुदायको जलवायु अनुकूलन क्षमता सुदृढ गर्ने प्रयास गरिएको छ।

यसका अतिरिक्त, जलवायु उत्तरदायी बजेट (CRB) सम्बन्धी क्षमता विकास कार्यक्रममार्फत जनप्रतिनिधि तथा कर्मचारीहरूको जलवायु संवेदनशील योजना तथा बजेट निर्माणसम्बन्धी क्षमता अभिवृद्धि गरिएको छ। यसरी परियोजनाले जलवायु उत्थानशीलतालाई पूर्वाधार विकास, प्राकृतिक स्रोत व्यवस्थापन, जीविकोपार्जन, स्थानीय योजना तथा संस्थागत प्रणालीसँग एकीकृत गर्दै चुरे गाउँपालिकामा दिगो तथा जलवायु अनुकूल विकासको आधार थप सुदृढ गरेको छ।

नि.प्रमुख प्रशासकिय अधिकृत

## ६.३ न्यून कार्वन उत्सर्जन विकास प्रवर्द्धन

LACC परियोजनाले दिगो तथा न्यून कार्वन उत्सर्जनयुक्त विकासलाई परियोजनाको प्रमुख अन्तरसम्वन्धित उद्देश्यका रूपमा आत्मसात गर्दै चुरे गाउँपालिकामा सञ्चालन भएका विभिन्न कार्यक्रमहरूमा वातावरणमैत्री तथा प्राकृतिक स्रोतमा आधारित अभ्यासहरूलाई प्रवर्द्धन गरेको छ। परियोजनाले स्थानीय स्रोत, स्थानीय सीप तथा समुदायमा आधारित व्यवस्थापनलाई प्राथमिकता दिँदै हरित विकासको अवधारणालाई व्यवहारमा उतार्ने प्रयास गरेको छ।

प्रतिवेदन अवधिमा जलाधार व्यवस्थापन कार्यक्रमअन्तर्गतमोरिङ्गा तथा अम्रिसो रोपण, सामुदायिक वन संरक्षण, माटो तथा पानी संरक्षण तथा जैविक विविधता प्रवर्द्धनका गतिविधिहरू सञ्चालन गरिएका छन्। यसले हरियाली विस्तार, कार्वन अवशोषण (Carbon Sequestration) तथा जलाधार संरक्षणमा सकारात्मक योगदान पुऱ्याएको छ।

त्यसैगरी, सामुदायिक वन उपभोक्ता समूहलाईदुना-टपरी उत्पादन सम्वन्धी सीप विकास तालिमप्रदान गरी आवश्यक मेसिन सहयोग गरिएको छ। वनजन्य स्रोतहरूको दिगो उपयोगमा आधारित यस उद्यमले प्लास्टिकजन्य सामग्रीको प्रयोग न्यूनीकरण गर्नुका साथै स्थानीय स्तरमा वातावरणमैत्री आयआर्जनका अवसर सिर्जना गरेको छ।

खानेपानी तथा वहुउपयोगी पानी प्रणाली, जलवायुमैत्री जीविकोपार्जन तथा प्राकृतिक स्रोत व्यवस्थापनका कार्यक्रमहरू कार्यान्वयन गर्दा स्थानीय स्रोत-साधनको अधिकतम उपयोग, वातावरणीय प्रभाव न्यून हुने निर्माण अभ्यास तथा दीर्घकालीन सञ्चालन-मर्मतमा विशेष जोड दिइएको छ। साथै, जलवायु उत्तरदायी वजेट (CRB) सम्वन्धी क्षमता विकासमार्फत न्यून कार्वन विकासका अवधारणाहरूलाई स्थानीय योजना तथा वजेट प्रणालीमा समावेश गर्ने आधार समेत सुदृढ गरिएको छ।

यसरी चुरे गाउँपालिकामा LACC परियोजनाले हरित विकास, प्राकृतिक स्रोतको दिगो उपयोग तथा समुदायमा आधारित जलवायु अनुकूल अभ्यासहरूको प्रवर्द्धनमार्फत न्यून कार्वन उत्सर्जनयुक्त विकासको आधार निर्माण गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ।

## ६.४ जैविक विविधता र वातावरणको संरक्षण

LACC परियोजनाले जैविक विविधता संरक्षण तथा वातावरणीय दिगोपनालाई परियोजनाको प्रमुख अन्तरसम्वन्धित विषयका रूपमा प्राथमिकताका साथ कार्यान्वयन गरेको छ। आर्थिक वर्ष २०८२/८३ मा चुरे गाउँपालिकामा प्राकृतिक स्रोत संरक्षण, जलाधार व्यवस्थापन तथा सामुदायिक वन सुदृढीकरणलाई केन्द्रमा राखी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन्।

प्रतिवेदन अवधिमा वडा नं. ६ मा नमुनाजलाधार (Catchment) योजना तयार गरी जलाधार क्षेत्रमा प्राकृतिक स्रोतहरूको एकीकृत व्यवस्थापनको आधार तयार गरिएको छ। उक्त योजनाअनुसार लक्षित क्षेत्रमामोरिङ्गा विरुवा रोपणतथा करिव२ हेक्टर सामुदायिक वन क्षेत्रमा अम्रिसो रोपणगरी माटो संरक्षण, भू-क्षय न्यूनीकरण, हरियाली विस्तार तथा स्थानीय जैविक विविधताको संरक्षणमा योगदान पुऱ्याइएको छ।

नि.प्रमुख प्रशासकिय अधिकृत

सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी तथा सदस्यहरूलाईवन डढेलो व्यवस्थापन तथा रोकथाम सम्बन्धी तालिमसञ्चालन गरी वन संरक्षण, विपद् जोखिम न्यूनीकरण तथा जैविक विविधताको संरक्षणमा समुदायको भूमिका सुदृढ गरिएको छ। साथै, वनमा आधारित उद्यम प्रवर्द्धनका लागिदुना-टपरी उत्पादन सम्बन्धी तालिम तथा मेसिन सहयोगउपलब्ध गराई वनजन्य स्रोतहरूको दिगो उपयोग तथा वातावरणमैत्री जीविकोपार्जनलाई प्रोत्साहन गरिएको छ।

यस अवधिमाअन्तर्राष्ट्रिय जैविक विविधता दिवसतथाविश्व वातावरण दिवसगाउँपालिकाको नेतृत्वमा विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी वातावरण संरक्षण, प्राकृतिक स्रोतहरूको दिगो उपयोग तथा जलवायु परिवर्तनप्रति समुदायको सचेतना अभिवृद्धि गरिएको छ। साथै, परियोजनाअन्तर्गत सञ्चालन भएका सबै पूर्वाधार तथा जीविकोपार्जन कार्यक्रमहरूमा वातावरणीय संरक्षणका मापदण्डहरूको पालना गर्दै सम्भावित वातावरणीय असर न्यून हुने अभ्यासहरू अवलम्बन गरिएको छ।

समग्रमा, चुरे गाउँपालिकामा LACC परियोजनाले प्राकृतिक स्रोत संरक्षण, सामुदायिक वन व्यवस्थापन, जलाधार संरक्षण तथा वातावरणीय सचेतनामूलक कार्यक्रमहरूलाई एकीकृत रूपमा कार्यान्वयन गर्दै जैविक विविधता संरक्षण र दिगो वातावरणीय व्यवस्थापनका लागि स्थानीय स्तरमा सुदृढ आधार निर्माण गरेको छ।

## ७.सहकार्य

तालिका १५: परियोजनासँग सम्बन्धित क्रियाकलापहरुमासरोकारवाला निकायहरुसंग सहकार्य

| क्र.स. | निकायको नाम | कार्यक्रम | सहकार्यको प्रकार | सहकार्यको रकम रु. (वा बरावर) |
|---|---|---|---|---|
| १ | चुरे गाउँपालिकाका विषयगत शाखाहरू (योजना, पूर्वाधार, कृषि, वन तथा वातावरण, महिला तथा बालबालिका, लेखा लगायत। | LACC परियोजनाका योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, क्षमता विकास तथा विशेष दिवसहरू सञ्चालन | प्राविधिक समन्वय, स्रोत साझेदारी, सहजीकरण तथा सयुक्त अनुगमन | |

## ८ आगामी आर्थिक वर्षका लागि परियोजना तर्फका प्रमुख प्राथमिकताहरु र समपुरक बजेटको व्यवस्था

आर्थिक वर्ष २०८३/८४ मा LACC परियोजनाको प्रमुख प्राथमिकता चालु आर्थिक वर्षबाट क्रमागत रहेका योजनाहरूको गुणस्तरीय तथा समयमै सम्पन्न गर्नु, नयाँ स्वीकृत योजनाहरूको तयारी चरणका गतिविधिहरू समयमै सम्पन्न गरी कार्यान्वयनलाई तीव्रता दिनु तथा परियोजनाका विभिन्न परिणाम क्षेत्रहरूबीच एकीकृत कार्यान्वयनलाई थप प्रभावकारी बनाउनु रहनेछ।

नि.प्रमुख प्रशासकिय अधिकृत



CamScanner

विशेष गरी जलाधार (Catchment) व्यवस्थापन योजनाको कार्यान्वयन, प्राकृतिक स्रोत संरक्षण, सामुदायिक वनसँगको सहकार्य, जलवायुमैत्री जीविकोपार्जन तथा बजार पहुँच (Market Linkage) प्रवर्द्धन, खानेपानी तथा बहुउपयोगी पानी प्रणालीको दिगो सञ्चालन तथा मर्मत व्यवस्थापन, साथै समुदायको क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकता दिइनेछ। यसका अतिरिक्त, GEDSI, जलवायु उत्थानशीलता, न्यून कार्बन विकास तथा वातावरण संरक्षणका विषयहरूलाई स्थानीय योजना तथा कार्यक्रमहरूमा थप प्रभावकारी रूपमा मूलप्रवाहीकरण गरिनेछ।

परियोजनाको प्रभावकारी कार्यान्वयन तथा स्थानीय स्वामित्वलाई थप सुदृढ बनाउनचुरे गाउँपालिकाले आर्थिक वर्ष २०८३/८४ का लागि रु. ९४ लाख बराबरको समपूरकबजेट विनियोजन गरेको छ। यसले परियोजनाप्रति गाउँपालिकाको उच्च प्रतिबद्धता र स्वामित्वलाई प्रतिबिम्बित गर्नुका साथै परियोजनाका पूर्वाधार, जीविकोपार्जन, प्राकृतिक स्रोत व्यवस्थापन तथा संस्थागत सुदृढीकरणसम्बन्धी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

## ८सिकाई, चुनौती तथा समस्याहरु

प्रतिवेदन अवधिका प्रमुख सिकाईहरु:

- स्थानीय सरकारको नेतृत्व, नियमित परियोजना व्यवस्थापन समिति )PMC) बैठक तथा विषयगत शाखाहरूबीचको प्रभावकारी समन्वयले परियोजना कार्यान्वयनलाई समयमै र गुणस्तरीय बनाउन महत्वपूर्ण भूमिका खेलेको अनुभव प्राप्त भएको।
- चरणबद्धकार्यविधिअनुसार उपभोक्ता समिति गठन, क्षमता विकास तथा तयारी चरणका गतिविधिहरू व्यवस्थित रूपमा सम्पन्न गर्दा निर्माण कार्यको गुणस्तर, पारदर्शिता तथा समुदायको स्वामित्व अभिवृद्धि हुने देखिएको।
- जलाधार )Catchment) आधारित योजना निर्माणले खानेपानी, प्राकृतिक स्रोत व्यवस्थापन, जीविकोपार्जन तथा वातावरण संरक्षणलाई एकीकृत रूपमा अघि बढाउन प्रभावकारी आधार प्रदान गर्ने अनुभव प्राप्त भएको।
- सामुदायिक वन उपभोक्ता समूहहरूसँगको सहकार्यबाट वन संरक्षण, जैविक विविधता प्रवर्द्धन तथा समुदायमा आधारित जीविकोपार्जन कार्यक्रमहरू थप प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिने देखिएको।
- NWASH प्रणालीमार्फत तथ्याङ्क अद्यावधिक तथा WASH योजना परिमार्जनले स्थानीय तहमा प्रमाणमा आधारित योजना तथा बजेट तर्जुमा गर्न महत्वपूर्ण सहयोग पुग्ने अनुभव प्राप्त भएको।
- GRB/CRB सम्बन्धी क्षमता विकास तथा प्रयोगात्मक अभ्यासले जलवायु तथा लैङ्गिक उत्तरदायी योजना र बजेट प्रणालीलाई स्थानीय शासनमा संस्थागत गर्न सकारात्मक आधार तयार गरेको।
- समुदायको सक्रिय सहभागिता, नियमित प्राविधिक सहजीकरण तथा स्थानीय सरकारको समपूरक लगानीले परियोजनाको दिगोपना र प्रभावकारिता उल्लेखनीय रूपमा वृद्धि हुने अनुभव प्राप्त भएको।
- परियोजनाका विभिन्न परिणाम क्षेत्र )WASH, NRM, जीविकोपार्जन, GEDSI तथा संस्थागत विकासलाई एकीकृत ( रूपमा कार्यान्वयन गर्दा परियोजनाको समग्र प्रभाव र दीर्घकालीन दिगोपना अझ बढी हुने स्पष्ट भएको।

तालिका १०६ : समस्या तथा समाधानका लागि गरिएका प्रयास तथाउपायहरु

नि.प्रमुख प्रशासकिय अधिकृत



CamScanner

| क्र.सं. | चुनौतीतथा समस्याहरु | समाधानका लागि गरिएका प्रयास तथा उपायहरु |
|---|---|---|
| | वार्षिक कार्ययोजना (AWP) स्वीकृतिमा ढिलाइ हुँदा केही गतिविधिहरू निर्धारित समयभन्दा ढिलो प्रारम्भ भए। | PSU तथा सम्वन्धित निकायसँग नियमित समन्वय गरी स्वीकृति पश्चात तयारी चरणका गतिविधिहरूलाई प्राथमिकताका साथ अघि वढाइयो। |
| | केही योजनाहरूमा उपभोक्ता समिति गठन, सार्वजनिक खरिद तथा प्राविधिक प्रक्रियाका कारण कार्यान्वयन अवधि लम्वियो। | उपभोक्ता समितिको क्षमता विकास, नियमित प्राविधिक सहयोग तथा अनुगमनमार्फत कार्यान्वयन प्रक्रियालाई सहज वनाइयो। |
| | दुर्गम भौगोलिक अवस्था तथा वर्षायामका कारण केही योजनाहरूको निर्माण सामग्री ढुवानी तथा स्थलगत अनुगमनमा कठिनाइ भयो। | मौसमअनुकूल कार्यतालिका तयार गरी स्थानीय स्रोत-साधनको अधिकतम उपयोग तथा नियमित स्थलगत समन्वयमार्फत कार्यलाई निरन्तरता दिइयो। |
| | जलाधार व्यवस्थापन, प्राकृतिक स्रोत संरक्षण तथा जीविकोपार्जन कार्यक्रमहरूमा वहुपक्षीय समन्वय आवश्यक भएकाले केही गतिविधिहरू अपेक्षित गतिमा अघि वढ्न सकेनन्। | गाउँपालिका, सामुदायिक वन उपभोक्ता समूह, विषयगत शाखा तथा सम्वन्धित सरकारी निकायहरूसँगको नियमित समन्वय र सयुक्त योजना निर्माणलाई थप सुदृढ गर्दै आगामी वर्षमा एकीकृत कार्यान्वयनलाई प्राथमिकता दिने रणनीति अपनाइयो। |
| | स्थानीय सरकार सहयोग इकाई (LGU) कर्मचारी छनोट तथा परिचालन प्रक्रियामा समय लागेकाले प्रारम्भिक कार्यान्वयन प्रभावित भयो। | परियोजना कार्यविधिअनुसार पारदर्शी रूपमा कर्मचारी छनोट सम्पन्न गरी नियुक्तिपश्चात अभिमुखीकरण तथा नियमित प्राविधिक सहजीकरण प्रदान गरियो। |

नि.प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १: यस आ.व.मा संचालित आयोजनाहरुको विवरण

| आयोजनाको नाम | वडा नं. | आयोजनाको अनुमानित लागत (रु. मा) (GoN+GoF+EU+LG) | यस आयोजनामा हालसम्म भएको खर्च (रु) (GoN+GoF+EU+LG) | यस आ.व.मा भएको खर्च (रु) (GoN+GoF+EU+LG) | यस आयोजनामा पालिकाको खर्च | आगामी आ.व.मा क्रमागत भई जाने / नजाने | आगामी आ.व.मा हुने खर्चको लक्ष्य (GoN+GoF+EU+LG) | यस आ.व.मा सम्पन्न आयोजना बाट लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|
| **जलवायु उत्थानशील कृषि सम्बन्धि आयोजना** | | | | | | | | |
| आयआर्जनका लागि बेमौसमी तरकारी खेती तथा हरितघर घर निर्माण योजना (एकल जनजाती कृषक समूह) | ६ | ८,००,०००।० | ५,६०,०००।० | ५,६०,०००।० | ६०,०००।० | जाने | १,४०,०००।० | - |
| जम्मा: | ६ | ८,००,०००।० | ५,६०,०००।० | ५,६०,०००।० | ६०,०००।० | जाने | १,४०,०००।० | - |
| **जलवायु उत्थानशील कृषि वन सम्बन्धि आयोजना** | | | | | | | | |
| चिउरीवन सामुदायिक वृक्षारोपण योजना (कोट बहुउपयोगी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था) | ६ | २,६५,४४१।० | १,८५,०००।० | १,८५,०००।० | ० | जाने | ८०,०००।० | - |
| कोट क्याचमेन्ट कृषिवन सहयोग योजना संचालन ( सिद्धशालवाटा सामुदायिक | ६ | ३,५०,०००।० | २,४५,०००।० | २,४५,०००।० | ४५,०००।० | जाने | १,००,०००।० | - |

१९

नि.प्रमुख प्रशासकिय अधिकृत

| आयोजनाको नाम | वडा न. | आयोजनाको अनुमानित लागत (रु. मा) (GoN+GoF+EU+LG) | यस आयोजनामा हालसम्म भएको खर्च (रु) (GoN+GoF+EU+LG) | यस आ.व.मा भएको खर्च (रु) (GoN+GoF+EU+LG) | यस आयोजनामा पालिकाको खर्च | आगामी आ.व.मा क्रमागत भई जाने / नजाने | आगामी आ.व.मा हुने खर्चको लक्ष्य (GoN+GoF+EU+LG) | यस आ.व.मा सम्पन्न आयोजना बाट लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|
| वन ) | | | | | | | | |
| ठुलिखाली सामुदायिक वन नर्सरी स्थापना योजना (ठुलिखाली सामुदायिक वन) | ६ | ५,०८,५१८ | ३,००,०००।० | ३,००,०००।० | ५५,०००।० | जाने | २,०८,०००।० | - |
| सिद्ध हरियाली सामुदायिक वन (दुना टपरी) | ६ | २,०४,४८०।० | १,८५,२२७।० | १,८५,२२७।० | ३५,०००।० | नजाने | ० | |
| जम्मा: | | | | | | | | |
| **वायोइन्जिनियरिङ आयोजना** | | | | | | | | |
| ठुलिखाली वायोइन्जिनियरिंग योजना | १ | १३,०८,८८९।५ | १३,०५,४९९।१ | ९,९०,४९९।० | ३,५८,०००।० | नजाने | | ४० |
| जम्मा: | | | | | | | | |
| **सुधारिएको पानीघट्ट आयोजना** | | | | | | | | |
| गुनी खोला सुधारियको पानी घट्ट | ५ | ४,८०,३७३।० | ३,३०,०००।० | ३,३०,०००।० | ८०,०००।० | जाने | १,५०,०००।० | - |
| जम्मा: | | | | | | | | |
| **खानेपानी आयोजना** | | | | | | | | |

नि.प्रमुख प्रशासकिय अधिकृत

| आयोजनाको नाम | वडा नं. | आयोजनाको अनुमानित लागत (रु. मा।) | यस आयोजनामा हालसम्म भएको खर्च (रु) | यस आ.व.मा भएको खर्च (रु) | यस आयोजनामा पालिकाको खर्च | आगामी आ.व.मा क्रमागत भई जाने / नजाने | आगामी आ.व.मा हुने खर्चको लक्ष्य | यस आ.व.मा सम्पन्न आयोजना वाट लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | (GoN+GoF+EU+LG) | (GoN+GoF+EU+LG) | (GoN+GoF+EU+LG) | | | (GoN+GoF+EU+LG) | |
| वलुवागडा खा.पा.यो | ४ | ७०,६९,७२१।४ | ६६,५४,५३४।५ | ३१,१९,७३३।० | १४,९८,८१६।० | नजाने | ० | १२७ |
| चौरपानी खा.पा.यो | ३ | १७,३१,५९६।५ | १४,९०,०८५।७ | ६,२४,३८५।० | २,००,०००।० | नजाने | ० | २२ |
| घरखेडा खा.पा.यो | १ | १२,०७,१४७।२ | ११,१९,९४०।१ | ९,९०,४९९।० | ३,५८,०००।० | नजाने | ० | १७ |
| छिलछिले सिस्ने भित्तेमुल खानेपानी तथा सरसफाइ योजना | ६ | ७७,०५,४५७।२ | ३८,५२,३४३।० | ३८,५२,३४३।० | ८,५९,७२८।० | जाने | ३८,००,०००।० | |
| जलुकेनी खानेपानी तथा सरसफाइ योजना | ४ | १७,४९,०२३।३ | १०,९०,०००।० | १०,९०,०००।० | १,००,०००।० | जाने | ६,५०,०००।० | |
| मेलवास ववैना खानेपानी तथा सरसफाइ योजना | १ | ३७,४०,४४६।३ | १७,७०,०००।० | १७,७०,०००।० | १,००,०००।० | जाने | २०,००,०००।० | - |
| रानीभुकुडा खानेपानी तथा सरसफाइ योजना | ४ | २१,८२,६८९।१ | १०,९०,०००।० | १०,९०,०००।० | ४,९०,०००।० | जाने | १०,५०,०००।० | - |
| जम्मा: | | | | | | | | |
| **वहुपयोगी आयोजना** | | | | | | | | |
| कोट वहुउपयोगी योजना | ६ | १९,५८,४४९।७ | १५,६५,२९८।९ | ५,८६,०९८।० | २,००,०००।० | नजाने | ० | २२ |
| दानढुंङ्गा वहुउपयोगी खानेपानी तथा सरसफाइ | १ | २७,५८,८२१।० | १३,७८,९०२।० | १३,७८,९०२।० | २,७५,०००।० | जाने | १३,५०,०००।० | - |

नि.प्रमुख प्रशासकिय अधिकृत



CamScanner

| आयोजनाको नाम | वडा नं. | आयोजनाको अनुमानित लागत (रु. मा) | यस आयोजनामा हालसम्म भएको खर्च (रु) | यस आ.व.मा भएको खर्च (रु) | यस आयोजनामा पालिकाको खर्च | आगामी आ.व.मा क्रमागत भई जाने / नजाने | आगामी आ.व.मा हुने खर्चको लक्ष्य | यस आ.व.मा सम्पन्न आयोजना वाट लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | (GoN+GoF+EU+LG) | (GoN+GoF+EU+LG) | (GoN+GoF+EU+LG) | | | (GoN+GoF+EU+LG) | |
| योजना | | | | | | | | |
| मथुरे वहुउपयोगी खानेपानी तथा सरसफाइ योजना | ६ | ४५,१३,१४१।२ | १८,३३,०००।० | १८,३३,०००।० | ३,२३,०००।० | जाने | २५,००,०००।० | |
| भुकभुके वहुउपयोगी योजना | ४ | ६९,३०,८४२।७ | ३४,६५,४२०।० | ३४,६५,४२०।० | २,९५,४२०।० | जाने | ३०,००,०००।० | |
| जम्मा: | | | | | | | | |
| जलवायु मैत्री विद्यालय तथा सरसफाइ आयोजना | | | | | | | | |
| शुक्रमा.वि शौचालय निर्माण योजना | ५ | ११,४५,५३१।५ | ११,२९,३४६।३ | ५,५६,६४६।० | ३,००,०००।० | नजाने | ० | १९५ |
| जनता मा.वि शौचालय निर्माण योजना | ६ | १०,९४,५५२।४ | १०,७७,३५४।८ | ५,३०,३५४।० | २,६०,३५४।० | नजाने | ० | २१२ |
| मोहन्याल मा.वि शौचालय निर्माण योजना | १ | १७,४२,७७२।१ | ९,८१,४५२।० | ९,८१,४५२।० | ४,३१,०००।० | जाने | ८,००,०००।० | - |
| जम्मा: | | | | | | | | |

नि.प्रमुख प्रशासकिय अधिकृत

## अनुसूची २.१: यस आ.व.मा संचालित तालिमहरुको विवरण

| क.सं. | सञ्चालित तालिमको नाम | वडा नं. | तालिम अवधि | तालिम संख्या | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | ब्रा.क्षे.ठ .स. महिला | ब्रा.क्षे.ठ. स. पुरुष | अपाङ्गता भएका महिला | अपाङ्गता भएका पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| खानेपानी र वहुपयोगी आयोजना चरणवद्ध कार्यपद्धति वमोजिमका तालिम | | | | | | | | | | | | |
| १ | परियोजना, पुर्ण सरसफाइतथा GEDSI अभिमुखीकरण | | १ | ५ | २ | १ | ४ | ३ | ८ | १४ | ० | ० |
| २ | आर्थिक व्यवस्थापन (खरिद प्रक्रिया) तथा लेखापालन | | १ | ५ | २ | २ | ७ | ४ | ९ | १६ | ० | ० |
| ३ | जलवायु-मैत्री कृषि र कृषिवन, वातावरण तथा जैविक विविधताको संरक्षण | | १ | ५ | २ | २ | ८ | ५ | ९ | १६ | ० | ० |
| ४ | CR-WSP, सञ्चालन तथा मर्मत संभार, योजना बीमा,पानीको गुणस्तर तथा वहुउपयोग | | १ | ५ | २ | १ | ८ | ४ | ५ | १२ | ० | ० |
| ५ | सामुदायिककार्ययोजना तयारी | | १ | ५ | २ | ० | ९ | ४ | ९ | १६ | ० | ० |
| प्राविधिक तालिमहरु (जलस्रोत प्राविधिक, पम्प अपरेटर, ग्रामीण मर्मत संभार कार्यकर्ता, स्थानीय स्रोत व्यक्ति, सुधारिएको चुल्हो प्रवर्द्धक। | | | | | | | | | | | | |
| १ | VMWतालिम | | १४ | १ | ० | १ | १ | ३ | २ | ७ | ० | ० |
| चुरे गाउँपालिका स्तरीय क्षमता विकास तालिमहरु(जस्तै पुन प्रयोग स्यानीटरी प्याड बनाउने, अचार, दुना, टपरी बनाउने, साबुन, हाते कपडा बनाउने अल्लो प्रशोधन गर्ने। | | | | | | | | | | | | |
| १ | वन डडेलो सम्वन्धि तालिम | | १ | १ | ० | ४ | ३ | १३ | ७ | ३१ | ० | ० |
| २ | जलवायु मैत्री कृषि र कृषि वन वातावरण तथा जैविक विविधताको संरक्षण | | १ | १ | २ | २ | ८ | ५ | ५ | १२ | ० | ० |
| ३ | दुना टपरी तालिम | | ३ | १ | १ | १ | १ | ० | १८ | २ | ० | ० |
| ४ | सहकारीलाई COPOMISतालिम | | ३ | १ | ० | ० | १ | १ | ५ | १४ | ० | ० |

नि.प्रमुख प्रशासकिय अधिकृत

अनुसूची २.२: आर्थिक वर्ष २०८२।०८३ को पेश्की बाँकीको अवस्था

| कुल पेश्की रकम रु | कुल फर्छ्यौट गर्न बाँकि पेश्की रकम रु |
|---|---|
| | ४५,३५,०००।०० |
| | |

नि.प्रमुख प्रशासकिय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय
चुरे गाउँपालिका
घरखड्डा,कैलाली
सुदूरपश्चिम प्रदेश



CamScanner

अनुसूची ५: परियोजना कार्यान्वयन एकाइ जनशक्ति विवरण

| क्र.सं. | कर्मचारीको नाम | पद | कार्यस्थल (डिउटी स्टेशन) | जम्मा कार्य गरेको अवधि (महिनामा) |
|---|---|---|---|---|
| क. | परियोजना कार्यान्वयन एकाइ अन्तर्गत (हाल भएका) तथा परिचालितजनशक्ति | | | |
| १ | दयानन्द जोशी | अधिकृत | गा.पा. | ३ |
| २ | अनिल भण्डारी | सब इन्जिनियर | गा.पा | ३ |
| ३ | टोप बोहरा | जलस्रोत प्राविधिक | योजना | ३ |
| ४ | रमेश बोहरा | जलस्रोत प्राविधिक | योजना | ३ |

अनुसूची ६: प्राविधिक तालिम प्राप्त जनशक्तिको विवरण

| क्र.सं. | नाम | म/पु/अ | आयोजना/समुह/समुदायको नाम | ठेगानार सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|
| क. | ग्रामिण मर्मत सम्भार कार्यकर्ता | | | | |
| १ | भुवन आर्चाय | पु | घरखेडा खानेपानी तथा सरसफाइ योजना | ९८६५८६२०९५ | |
| २ | दिनेश साउद | पु | मथुरे बहुउपयोगी योजना | ९७४६२६६६२ | |
| ३ | नवीन सापकोटा | पु | मेलबास बबैना खानेपानी तथा सरससफाइ योजना | ९८६८७०६६६८ | |
| ४ | भीम बहादुर विक | पु | चौरपानी खानेपानी तथा सरसफाइ योजना | ९८४३५२७६८६ | |
| ५ | पूर्ण बहादुर तरामी मगर | पु | रानीभुकुडा खानेपानी तथा सरसफाइ योजना | ९७६७४३१४०६ | |
| ६ | प्रकाश बहादुर लामिछाने मगर | पु | जलुकेनी खानेपानी तथा सरसफाइ योजना | ९७४१७८१५६८ | |
| ७ | धन बहनदुर धामी | पु | दानिढुङ्गा बहुउपयोगी योजना | ९८४८६८४५३२ | |
| ८ | धन बहादुर हमाल | पु | बालुवागडा खानेपानी तथा सरसफाइ योजना | ९७६६०६९९८४ | |
| ९ | तुलशी लामा | म | बालुवागडा खानेपानी तथा सरसफाइ योजना | ९८६५५७६९४३ | |
| १० | गंगा साउद | म | भुकभुके बहुउपयोगी खानेपानी तथा सरसफाइ योजना | ९७६६०६९९८४ | |
| ११ | श्याम साउद | पु | भुकभुके बहुउपयोगी खानेपानी तथा सरसफाइ योजना | ९७६४४००६०१ | |
| १२ | खिमा सिंह शाह | म | छिछिले सिम्ने भित्ते मुल खानेपानी तथा सरसफाइ योजना | ९८४८२१६४०१ | |
| १३ | पवन थापा मगर | पु | छिछिले सिम्ने भित्ते मुल खानेपानी तथा सरसफाइ योजना | ९७४३५२२३८१ | |



नि.प्रमुख प्रशासकिय अधिकृत

| क.सं. | नाम | म/पु/अ | आयोजना/सभोग/समुदायको नाम | ठेगानार सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|
| १४ | मनोज ठाडामगर | पु | कोट बहुउपयोगी योजना | ९७६५२९६५५६ | |

अनुसूची ७: निर्माण आयोजनाबाट प्रत्यक्षस्थानीय रोजगारीको विवरण

| क.सं. | आयोजनाको नाम | दक्ष कामदाररोजगारी दिन | अदक्ष कामदार रोजगारी दिन | जम्मा दिन |
|---|---|---|---|---|
| १ | बलुवागडा खा.पा.यो | ३१५ | ४६ | ३६१ |
| २ | कोट बहुउपयोगी योजना | ८० | ६० | १४० |
| ३ | चौरपानी खा.पा.यो | १२३ | ३५ | १५८ |
| ४ | ठुलिखाली बायोइन्जिनियरिंग योजना | ५० | ६६ | ११६ |
| ५ | घरखेडा खा.पा.यो | ४६ | ४२ | ८८ |
| ६ | शुक्र मा.वि शौचालय निर्माण योजना | ७० | ५६ | १२६ |
| ७ | जनता मा.वि शौचालय निर्माण योजना | ७१ | ४५ | ११६ |
| ८ | सिद्ध हरियाली सामुदायिक वन (दुना टपरी) | ० | ० | ० |
| | कुल जम्मा | ७५५ | ३५० | ११०५ |

आ.व ०८२।०८३ मा गरिएका क्रियाकलापहरुको उत्कृष्ट फोटोहरु









नि.प्रमुख प्रशासकिय अधिकृत

भुकभुके बहुउपयोगी योजनाको पहिलो आमभेलामा छलफल



दानिढुङ्गा बहुउपयोगी योजनाको आमभेलामा परियोजनाबारे छलफल गर्दै



नि.प्रमुख प्रशासकीय अधिकृत







निर्माण सम्पन्न विद्यालय शौचालय




सिद्धहरियाली सामुदायिक वन उपभोक्ता समूहमा दुना टपरी तालिम संचालन तथा समापन कार्यक्रमको झलक

नि.प्रमुख प्रशासकीय अधिकृत

चुरे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घरखडा, कैलाली सुदूरपश्चिम प्रदेश






चरणबद्ध कार्यपद्धति तालिम सचालको फोटोहरु



क्याचमेन्ट (सुक्ष्म जलाधार) संरक्षण प्लानिङका फोटोहरु

नि. प्रमुख प्रशासकीय अधिकृत





COPOMIS तालिम संचालनको एक झलक

धन्यवाद

वि. प्रमुख प्रशासकीय अधिकृत